"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

# प्रेस विज्ञप्ति

मितिः २०८१/०४/१६

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३१ जुलाई, २०२४ (श्रावण १६, २०८१) मा प्राप्त नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. ०।९८ र डिजेलमा रु. २।२८ ले घटेर तथा मट्टितेलमा रु. ३।२४, हवाई इन्धनमा रु. २।३१ र एल.पि.ग्यासमा प्रति सिलिण्डर रु. ६।९७ ले बढेर आएको छ। निगम संचालक समितिको मिति २०८१/०४/१६ गतेको निर्णय अनुसार ०१ अगष्ट, २०२४ (मिति २०८१/०४/१७) को बिहान ००:०१ बजेदेखि लागु हुनेगरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रति लिटर रु. १।०० तथा डिजेल र मट्टितेलमा प्रति लिटर रु. २।०० ले घटाईएको छ भने हवाई इन्धन र एल. पि. ग्यासको बिक्री मूल्य यथावत राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८१/०४/१७ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १६८।५० | १७०।०० | १७१।०० | १६७।५० | १६९।०० | १७०।०० |
| २. | डिजेल र मट्टितेल | १५७।५० | १५९।०० | १६०।०० | १५५।५० | १५७।०० | १५८।०० |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद् ।

२०८१/४/१६

प्रवक्ता